मेचीकाली राष्ट्रिय दैनिक (२०८२।०७।२८)

# काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०७/२६**

यस मायादेवी साझेदारी वन उपभोक्ता समूह बाणगंगा न.पा. वडा नं. १० कपिलवस्तुको वन क्षेत्रबाट समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) को संकलन सहमती बमोजिम आ. व. २०८१/०८२ मा कटान भएको साल, सिसौ, कुसुम, विजय साल, असना, टन्नु जातको काठ गोलिया थान ८२१ को ४३६७.५० क्यू फिट काठ र दाउरा ११ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। चिरान/काठ दाउरा संकलनमा रहेका उद्योगहरूले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनसम्ममा बोलपत्र खरिद गरी २२औं दिनभित्रमा यो लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारिका लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टास गरिएको छ।

**दिनेश प्रसाद कलवार (जयसवाल)**

**अध्यक्ष**

## श्री मायादेवी साझेदारी वन उपभोक्ता समूह

**बाणगंगा न.पा.-१०, कपिलवस्तु**

नि. डिभिजनल वन अधिकृत